जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३८ २०८१ साल भदौं १५ गते शनिबार (31 Aug. 2024 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : संसद्प्रतिको आस्था र नागरिक. ३ पृष्ठमा : नेपालमा ५८ देशको प्रत्यक्ष.. ३ पृष्ठमा : आप्रवासी र गाजासम्बन्धमा...

# प्रदेशसभामा उठ्यो राजविराजको विटौरी जग्गाको मुद्दा



**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौ ।**

मधेश प्रदेशसभाको शुक्रबारको बैठकमा विटौरी जग्गा समस्या समाधान नभएको सम्बन्धी आवाज उठेको छ ।

प्रदेशसभामा बोल्दै प्रदेश सांसद किरण कुमारी साहले उक्त मुद्दा उठाएकी हुन् । साविक ६० बिगहा क्षेत्रफलमा रहेको राजविराज नगरपालिकाका ५ हजार २ सय परिवारका नाममा रहेको जग्गाको लालपुर्जा नरहेको र विटौरी रसिदकै आधारमा जग्गाको भोग चलन गर्दै आएको बताउँदै उनले यस्तो जग्गा बैंकले धितो राख्न नमान्दा मिटरब्याजीको चुँगलमा फस्न बाध्य भएको बताईन् ।

साहु महाजनको चर्को ब्याजबाट मुक्ति दिलाउनका लागि संघीय सरकार संग समन्वय गरेर भएपनि त्यस्तो जग्गाको लालपुर्जा अविलम्ब उपलब्ध गराउनुपर्ने तर्फ उनले सरकारको ध्यानाकर्षण गराईन् ।

यस्तै उनले राजविराज नगरपालिका वडा नम्बर १५ मा किसानहरुको सुविधाका लागि २०७५ साल देखि नै निर्माण शुरु भएको तीन हजार मैट्रिक टन क्षमता भएका शित भण्डार भवन हालसम्म अधुरो र अलपत्र अवस्थामा रहेको भन्दै निर्माण कार्यलाई पूर्णता दिई शित भण्डार संचालनका लागि पहल गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराईन् ।

यस्तै लामो समयदेखि जिर्न अवस्थामा रहेको राजविराज-छिन्नमस्ता सडकको मरमत सम्भारमा पहल गर्न तथा हिंसामा परेका महिलाहरुको उचित व्यवश्रथापनका लागि राजविराजमा बनाईएको महिला सेफ हाउसको संचालन तथा व्यवस्थापन ऐन अविलम्ब ल्याई त्यसलाई सूचारु गनुपर्ने समेत सरकारको ध्यानाकर्षण गराएकी छिन् ।

# सशस्त्र प्रहरी तालिम शिक्षालयको उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौ ।**

सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी महानिरिक्षक राजु अर्यालले सप्तरीमा तालिम शिक्षालयको उद्घाटन गरेका छन् ।

महानिरिक्षक अर्यालले शुक्रबार सप्तरीको कन्चनरुप नगरपालिका वार्ड न. २ बरमझियास्थित सशस्त्र प्रहरी बल नेपाल दन्तकाली बिशेष कार्य तालिम शिक्षालयको उद्घाटन गरेका हुन् ।


सो अबसरमा माहनिरिक्षक अर्यालले गत बर्षमात्र नेपाल सरकारले स्तरोन्नती गरी सशस्त्र प्रहरी बरिष्ठ उपरिक्षक सहित संरचनागत रुपमा कार्य प्रारम्भ गरेको शिक्षालयले एक बर्षभित्र नै उद्घाटन गर्ने गरी कार्य गरेकोमा शिक्षालयको प्रशंसा गरे ।

बिपद ब्यबस्थापन, हुल तथा दंगा, सिमा सुरक्षा, युएन शान्ति स्थापना सम्बन्धी तालिमहरु संचालनको लागि तालिम शिक्षालयहरु रहेकोमा अबदेखी बिशेष प्रक्रितीका कार्यहरुसँग सम्बन्धित तालिम प्रदान गर्ने गरी सप्तरीमा तालिम केन्द्रको स्थापना गरिएको उनको भनाई छ ।

एन्टि टेरोरिजम, होस्टेज रेस्क्यू, फायर फाइटिङ् एवं वाटर रेस्क्यू सम्बन्धित तालिमहरु उल्लेखित शिक्षालयमा संचालन गरिने

*बाँकी अन्तिम पृष्ठमा*

# भिनाजुको घर गएका युवक ६६ दिनदेखी वेपत्ता



**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौ ।**

सिरहाको लहानस्थित भिनाजुको घरबाट निस्केका एक युवक ६६ दिनदेखी वेपत्ता छन् । सप्तरीको रुपनी गाउँपालिका ६ जगमोहन टोलका २६ वर्षिय दिनेश कुमार चौधरी वेपत्ता भएका हुन् ।

सिरहाको लहान नगरपालिका २० हरिनगरा टोलस्थित भिनाजुको घर गएका बेला गत असार ९ गते दिनेश वेपत्ता भएको परिवारजनले जनाएका छन् । दिदी सरिता र भिनाजु रामानन्दलाई बजार घुमेर आउँछु भनी निस्केका उनी हालसम्म फर्केर नआएको बुबा तेजनारायणले बताए ।

छोरा पत्ता लगाइदिन भन्दै उनले घटनाको भोलीपल्टै हुलिया विवरण सहितको निदेवन इलाका प्रहरी कार्यालय लहानमा दिए । तर, हालसम्म कतै कुनै सुराक नपाइएको उनले बताएका छन् ।

प्रहरीसँगै नेपाल तथा भारतमा रहेका आफन्त र चिनजानका सबैमा जानकारी गराएपनी हालसम्म फेला पर्न नसकेको आमा किसनी देवीले सुनाइन् ।

खोजीकार्यमा चौधरी

*बाँकी अन्तिम पृष्ठमा*

## पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

## सम्पादकीय ....

### ध्वनी प्रदुषण कायमै

सार्वजनिक रुपमा ध्वनी प्रदुषणको बिरोध भइरहँदा समेत ध्वनी प्रदुषण झनै बढीरहेको छ। जसले गर्दा सामान्य जनजिवन प्रभावित बन्दै गएको छ। ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई निकै असर पुग्ने गरेको छ। धार्मिक कार्यक्रम, बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको हो। धार्मिक कार्यक्रमहरुमा राती अबेरसम्म र एका बिहानैदेखी ठूला ठूला स्वरमा लाउडस्पिकर बजाएर धार्मिक गित तथा प्रवचन बजाइने गरिन्छ। यस्तै कुनै सार्वजनिक कार्यक्रम भइरहँदा त्यहा पनि ठूलो स्वरमा डिजे बजाइने गरिन्छ। ध्वनी प्रदुषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै मुटुरा रोगी, बालबालिकालाई बढी जोखिम हुने गरेको छ। यसले रातीको निन्द्रा बिगार्ने काम समेत गर्दछ।

एक दशकअघि जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाएको थियो। तर त्यो फैसलाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेकोले हाल ध्वनी प्रदुषण झनै बढेको छ। यसरी अदालतको फैसला कार्यान्वयन नहुनु आफैमा दुःखद पक्ष हो। अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी बढेको देखिन्न्। विगतमा प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि हाल मुख्य चौकहरुमा ठूलो आवाजमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन्।

तसर्थ यस्ता कार्यलाई रोक्न सरोकारवाला सबै निकायका साथै स्थानीयवासी समेतले गम्भिरतापूर्वक चासो देखाउनु आवश्यक छ भने विगतमा अदालतले गरेको आदेशलाई समेत कार्यान्वयन गर्नेतर्फ अग्रसरता देखाउनु पर्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संसद्प्रतिको आस्था र नागरिक समाजको खबरदारी

**हरिविनोद अधिकारी**
काठमाडौँ, १४ भदौ (रासस)।

प्रजातन्त्र या लोकतन्त्रलाई आफ्नै तरिकाले परिभाषित गर्ने र व्याख्या गर्ने परम्परा विकास भएको छ। परिभाषा या व्याख्या जसरी जसले तयार गरे पनि प्रजातन्त्रका हुनै पर्ने तत्वहरु हुन्- व्यक्तिगत स्वतन्त्रताको संवैधानिक रुपमा नै प्रत्याभूति, बहुलवादको अभ्यास, वहुसङ्ख्यकको आवधिक शासन र अल्पसङ्ख्यकको अधिकार सुरक्षित गरिँदै उनीहरुको सम्मान हुनु। सर्सर्ती रुपमा हेर्दा सामूहिक निर्णयको आधारमा शासन पद्धतिको विकास र शासन पद्धतिलाई चलायमान बनाउनको लागि चाहिने नियम, कानुनको निर्माणमा नागरिकको सहभागिता र नागरिक अधिकारमा समानता प्रजातन्त्रका मूलभूत सिद्धान्त मानिन्छ।

संसदीय लोकतान्त्रिक या संसदीय प्रजातान्त्रिक शासन प्रणाली भनेको नै जनताको मतले छानेका प्रतिनिधिले गर्ने शासन व्यवस्था हो। यो व्यवस्थामा संसद्को स्थान सर्वोपरी हुन्छ। जनताले छानेका प्रतिनिधिमध्येबाटै शासनको जिम्मा लिने चलन हुन्छ। संसद्ले नै सरकारको उत्पत्ति गराउँछ र सरकार संसद्प्रति उत्तरदायी हुन्छ। त्यसैले प्रजातन्त्र या लोकतन्त्रको आधारभूत संस्था भनेको नै जनताले चुनेको संसद् हो, जसले बनाउने कानुनका आधारमा राज्य सञ्चालन हुन्छ, गरिनुपर्छ।

संसारका जहाँसुकैका जनतालाई पनि लोकतन्त्र आवश्यक पर्दछ। जनताले समानताको हकलाई प्रयोग गर्ने भनेको नै संसदीय व्यवस्थामा मात्र हो। त्यहाँ जनताका बारेका जनताले चुनेका प्रतिनिधिले जनताका आवश्यकताका बारेमा सरकारको ध्यानाकर्षण गराउँछन् किनभने सरकारलाई त्यही संसद्ले निर्माण गरेको हुन्छ। प्रजातन्त्रमा व्यवस्था गरिने संसद्ले नै असहमतिमा सहमतिको वातावरण तयार गर्छ र असहमतिलाई बहस, विवाद र छलफलबाट सहमतिमा बदल्न मञ्चको भूमिका निर्बाह गर्छ।

प्रजातन्त्रमा केही आवश्यक तत्वहरु निहित हुन्छन्, तीनै तत्वहरुको समग्रतालाई नै प्रजातन्त्रको स्वरुप मानिन्छ। प्रजातन्त्रमा आवधिक निर्वाचन, शक्तिपृथकीकरण, राजनीतिक दल, वहुलवाद, असल शासन, मेलमिलाप र शान्ति, मानवअधिकार, लैङ्गिक समानता, नागरिक समाजको खबरदारी, संसद, केन्द्रीय सरकार, प्रतिपक्षी दल, स्थानीय सरकार, राजनीतिक संस्कृति (सहिष्णुता, स्वस्थ आलोचना, पारदर्शिता र व्यक्तिगत तथा सामूहिक दायित्वबोध), सार्वजनिक क्षेत्र तथा भूमण्डलीकरणप्रति आधारित अर्थतन्त्रको व्यवस्था समग्रमा समेटिएका हुन्छन्। कतिपय तत्वहरु एकअर्कामा निर्भर हुन्छन् र सरकारले त्यसको समन्वय गरेर शासन सञ्चालन गर्नुपर्छ।

संसारभरका प्रजातान्त्रिक वा राष्ट्रपतीय शासन भएका मुलुकमा पनि संसद्को महत्वपूर्ण भूमिका हुन्छ किनभने संसद्को अनुमतिबिना न त राज्यका कुनै अङ्गको गठन गर्न सकिन्छ, न त कुनै न्यायाधीशको नियुक्ति सम्भव छ, न त कुनै आय या व्ययको सिद्धान्त पारित नै हुनसक्छ। संसद्को अनुमतिबिना न त जनताका तर्फबाट आम्दानी गर्न पाइन्छ, न त जनताले दिएका पैसाको खर्च गर्न पाइन्छ। त्यसैले संसद् वा जनताले प्रत्यक्ष निर्वाचित संस्थाले मात्र जनताका हकअधिकारको संरक्षण गर्न सक्दछ भन्ने ध्येयले नै दिगो विकासको लक्ष्य २०३० पूरा गर्नका लागि पनि संसद्बाट स्वतन्त्र प्रेसको जगेर्ना नै सरकारको मुख्य कार्यक्रम हुनुपर्छ भन्ने अवधारणा संयुक्त राष्ट्रसङ्घमा तय गरिएको हो। अर्थात् जनताका आवश्यकता पूरा गरी प्रजातन्त्र भनेको जनताका लागि नै हो भन्ने कुरा पूरा गर्न अबका छ वर्षमा सक्नैपर्छ र मात्र दिगो विकास सम्भव छ भन्ने धारणा राष्ट्रसङ्घले पनि दिएको छ।

यहाँ स्मरणीय छ, अन्तरव्यवस्थापिका सङ्घले घोषणा गरेको अन्तर्राष्ट्रिय प्रजातन्त्रको प्रवर्दन र सम्बर्दनका लागि तयार गरेको घोषणापत्रलाई संयुक्त राष्ट्रसङ्घले अनुमोदन गर्दै प्रजातन्त्रका लागि प्राणवायु भनेको नै जनताले चुनेका प्रतिनिधिको साझा संस्था संसद्मार्फत् जनताका परिवर्तित भावनाको सम्बोधन गरिनु पर्ने र संसद्प्रति उत्तरदायी सरकारले मात्र जनताका अपेक्षा पूरा गर्ने भनेको छ। प्रजातन्त्रमा संसद्ले मात्र सार्वजनिक संस्थामा जनताको निर्वाध सहभागिताको प्रत्याभूत गर्न सक्दछ र जनताको शासनको पनि प्रत्याभूति दिन सक्दछ।

लोकतन्त्रको जग भनेको जनता नै हो, जनताको प्रतिनिधि भनेको निर्वाचित संसद् हो। संसद्ले मात्र आमनागरिकलाई विभिन्न किसिमका मौलिक अधिकारको प्रत्याभूति दिन सक्दछ। त्यसैले कुनै व्यवस्था लोकतान्त्रिक हो कि होइन भन्ने कुरा संसद्को स्वायत्तताले र स्वतन्त्रतापूर्वक काम गर्न पाउने क्षमताको स्वरुपले निर्धारण गर्दछ। संसद् जति जनसहभागितामूलक हुनसक्यो, जति समावेशी हुन सक्यो, जति जनताको भावना समेट्न सक्यो, जनताका हकअधिकार त्यति नै सुरक्षित र सम्मानीत हुन सक्दछ, जनताको अपनत्व पाउन सक्छन्। अर्थात् जनताको प्रत्यक्ष प्रतिनिधित्व भएको संस्था संसद्ले मात्र जनताको सेवामा आफूलाई समर्पण गर्न सक्छ।

हामीले पनि प्रजातन्त्र वा लोकतन्त्रलाई जीवन पद्धतिको संस्कृति बनाउने प्रयास जारी राख्नु छ र विश्व संस्थाले पारित गरेको र नेपाल पनि संसद् त्यस्ता धेरै सन्धि, महासन्धि तथा अभिसन्धि, घोषणापत्रमा हस्ताक्षर गर्ने देश भएकाले लोकतन्त्रको विश्वव्यापी घोषणापत्रलाई आत्मसात् गर्दै आजको लोकतन्त्रको वातावरणमा सजग तथा निरन्तररूपमा लोकतन्त्रका लागि सङ्घर्षरत नेपाली जनतासमक्ष प्रस्तुत गर्नु आवश्यकसमेत भइसकेको छ।

अबका केही वर्षमा जनताका सम्पूर्ण आवश्यकता पूरा गर्नका लागि लाग्नु अत्यन्त गरिब देशबाट सामान्य आय भएको देशका रुपमा परिणत हुन पनि प्रजातन्त्रको दिगो विकासबाट मात्र सम्भव हुनेछ र लोकतन्त्रलाई आत्मसात् गर्नु भनेको यसका सिद्धान्तलाई राष्ट्रको र जनताको दैनिक कार्यसूचीमा रुपान्तरण गर्न संसद्को निरन्तर निगरानीमा रहनु पनि हो। यस सम्बन्धमा व्यापक छलफल गरी संसद्प्रति आधारित र जनमुखी लोकतन्त्रलाई जीवन संस्कृतिको रुपमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने सकारात्मक बहस चलाउन जरुरीसमेत भएको छ।

अहिले हामी नयाँ संविधान कार्यान्वयनको क्रममा छौँ। संविधानको कार्यान्वयनको क्रममा स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न गरेको पनि दुई वर्ष भइसकेको छ, दोस्रो आमनिर्वाचन र प्रदेशसभाको निर्वाचन सम्पन्न गरी सङ्घीय, प्रादेशिक नयाँ सरकारहरुले पनि दोस्रोपटक आफ्ना आफ्ना नीति तथा कार्यक्रम प्रस्तावित गरी कार्यान्वयनको चरणमा छौँ। अहिले हामीसँग सङ्घीय संसद्मा प्रतिनिधिसभा र राष्ट्रियसभा, प्रादेशिक सभा सात ओटा र सात सय ५३ ओटा स्थानीय तहका नगर तथा गाउँ सभा छन्, जसले तीन तहका सरकारको संसद्को काम गरिरहेका छन्।

जनगुनासो बढेको छ कि संसद्प्रति सांसदको दायित्व पूरा हुन सकेको छैन। अझ कतिपय समयमा त सङ्घीय संसद्को प्रतिनिधिसभामा गणपूरक सङ्ख्या नपुगेर बैठक नै स्थगित भएका र प्रस्ताव गर्न लागेका विधेयक या महत्वपूर्ण जनसरोकारका विषय अर्को बैठकमा प्रस्तुत गर्नुपर्ने अवस्था सुनिन्छ, देखिन्छ। संसद्का अधिवेशन हुन थालेर पनि संसद्का समिति गठन समयमा नै हुन नसकेका उदाहरण छन्। यसले गर्दा सांसदहरु भनेको जनता र सरकारबीचमा रहेका सेतु हुन् किनभने जनताले संसद्मा आवधिक धारणा प्रस्तुत गरून् र जनअपेक्षा पूरा गरून् भने प्रत्यक्ष या समानुपातिकरुपमा निर्वाचित गरेर पठाएका हुन्छन्। मूलतःसंसद् जनताप्रति उत्तरदायी हुनुपर्छ, सरकार जनताप्रति जबाफदेही हुनका लागि संसद्प्रति जबाफदेही हुनैपर्छ।

हामी नयाँ लोकतन्त्रमा पनि पर्दछौँ र पुनःस्थापित लोकतन्त्रमा पनि पर्दछौँ। हामीमा राजनीतिक असहिष्णुता चुलिएको छ। निरन्तरताको सजगता नै लोकतन्त्रको आवश्यक पहिचान हो। जनताका आवश्यकता पूरा गर्न र विश्वमा आफ्नो पहिचान कायम गर्न पनि आवश्यक परे संसद्मार्फत् संविधानसमेतमा संशोधन गरेर भए पनि जनताका आवश्यकता पूरा गर्न संसद्भित्र रहेका सांसदहरु नै लाग्नुपर्छ। आजको विश्वमा लोकतन्त्रको वा प्रजातन्त्रको विकल्प भनेका समावेशी लोकतन्त्र या प्रजातन्त्र मात्रै हो र प्रजातन्त्रमा मात्र जनताको आवश्यकता पूरा गर्न संसद्मार्फत् दिगो विकासका लागि काम गर्न सम्भव छ।

संसदीय व्यवस्था अङ्गीकार गरेका प्रजातान्त्रिक देशमा सरकार बनाउने, परिवर्तन गर्ने र जनताका आधारभूत आवश्यकता पूरा गर्ने गराउने काममा संसद्ले महत्वपूर्ण भूमिका निर्बाह गरेकै हुनुपर्छ। हाम्रो देशमा त नयाँ संविधानले तीन तहको सरकारमा नै संसद्को व्यवस्था गरेको छ- गाउँपालिकामा गाउँसभा, नगरपालिकामा नगरसभा, प्रदेशमा प्रदेशसभा र केन्द्रमा सङ्घीय संसद्, आवधिक प्रतिनिधिसभा र स्थायी राष्ट्रियसभा। कतिपय स्थानीय तहमा स्थानीय संसद्मा दलका कारणले असहिष्णुता देखाएर काम ठप्प हुने, प्रदेशसभाहरुमा पनि आपसमा समन्वय नहुने, अनि सङ्घीय संसद्मा पनि जनताका अपेक्षाभन्दा दलीय राजनीतिक स्वार्थका कारणले अपेक्षित कानुन बन्न नसक्ने, गम्भीरताका साथ जनताका आवश्यकता पूरा गर्नका लागि ध्यान नदिने काम भएको छ भन्ने अवस्था आउन दिनु हुँदैन। यसले संसदीय प्रजातन्त्रप्रति नै निराशा, वितृष्णा बढेको स्पष्ट सङ्केत आउन थालेको समयमा निरन्तरताको सजगताका आधारमा संसद्प्रति आस्था हुनेहरुले त्यो व्यवस्थाका पक्षमा सांसदलाई सजग बनाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ नागरिक समाजका तर्फबाट।

हामीसँग अहिले संसद् र सांसदहरुको सङ्ख्याभन्दा गुणात्मकरुपमा संसद्प्रति र जनताप्रति कति सांसदहरु उत्तरदायी छन् भन्ने प्रश्न नागरिक तहमै उठ्न थालेको छ र अहिलेदेखि नै २०८४ सालको निर्वाचनका बारेमा एकले अर्कालाई देखाउने होडबाजी सुरु भएको छ। तर राजनीतिक पर्यवेक्षक ठान्दछन्, यदि सांसदले संसद्को गरिमा राख्ने गरी वस्तुगतरुपमा प्रस्तुत भएर जनताका पक्षमा बोल्न सकेनन् भने साँच्चै २०८४ सालको निर्वाचनमा एउटा अहम् प्रश्न नागरिक सामु उब्जने छ, केका लागि संसद् र सांसद ? लोकतन्त्रको तीन दशकदेखिको यात्रामा देखिएको अपरिपक्वताले मुलुकको अवस्थालाई अझै अस्थिर राजनीतिक यात्रामा धकेल्ने हो कि भन्ने शङ्का उत्पन्न हुनु स्वभाविकै हो।

प्रजातन्त्र या लोकतन्त्रमा जनताको अधिकार र कर्तव्यका बारेमा नागरिकलाई सुसूचित गरिरहनु पर्छ र नागरिक समाजले सरकारका कामहरुको निगरानी गरी जनताका अधिकारहरुको रक्षा गर्नमा सामूहिक प्रयास गरिरहेको हुन्छ। मुलुक संविधानवादबाट यताउता नहोस् भनेर नै प्रजातन्त्रमा संसद्ले सरकारलाई खबरदारी गरिरहन्छ अर्थात् सांसद नै सरकारमा पनि हुन्छन् र प्रतिपक्षमा पनि हुन्छन्। संसद्ले प्रजातन्त्रको पक्षमा निरन्तररुपमा आफूलाई सक्रिय राख्नु नै प्रजातन्त्रको मुख्य विशेषता पनि हो। *(लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)*

# नेपालमा ५८ देशको प्रत्यक्ष वैदेशिक लगानी, सबैभन्दा बढी भारतको

काठमाडौँ, १४ भदौ (रासस) ।

नेपाल राष्ट्र बैंकले 'प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७९/८०' सार्वजनिक गरेको छ ।

प्रत्यक्ष वैदेशिक लगानीको क्षेत्रगत अवस्था एवम् प्रवृत्ति विश्लेषण गरी नीति निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले राष्ट्र बैंकले प्रत्येक आर्थिक वर्षमा स्थलगत सर्वेक्षण सम्पन्न गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

आर्थिक वर्ष २०७९/८० मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कुल दुई सय ३८ वटा कम्पनीको नमूना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा अन्य विवरणको विश्लेषणका आधारमा प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७९/८०' तयार पारिएको राष्ट्र बैंकले जनाएको छ ।

सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार नेपालमा आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा कुल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात ११ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब ९५ अर्ब ५० करोड कायम छ । कुल वैदेशिक लगानीमध्ये चुक्ता पुँजीको अंश ५२ दशमलव आठ प्रतिशत, सञ्चिति ३३ दशमलव सात प्रतिशत र कर्जाको अंश १३ दशमलव पाँच प्रतिशत रहेको छ ।

यसैगरी, २०८० असार मसान्तसम्ममा नेपालमा ५८ वटा देशको प्रत्यक्ष वैदेशिक लगानी छ । जसमध्ये, भारतबाट सबैभन्दा बढी अर्थात् रु एक खर्ब तीन अर्ब ४५ करोड (३५ प्रतिशत) र त्यसपछि क्रमशः चीनबाट रु ३५ अर्ब ४६ करोड (१२ प्रतिशत), आयरल्याण्डबाट रु २२ अर्ब ६२ करोड (सात दशमलव सात प्रतिशत), अष्ट्रेलियाबाट रु १९ अर्ब ६ करोड (छ दशमलव चार प्रतिशत) र सिङ्गापुरबाट रु १८ अर्ब ८१ करोड (छ दशमलव चार प्रतिशत) प्रत्यक्ष वैदेशिक लगानी रहेको देखिन्छ ।

नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ५९ दशमलव ७ प्रतिशत औद्योगिक क्षेत्रमा र ४० दशमलव दुई प्रतिशत सेवा क्षेत्रमा रहेको देखिन्छ । औद्योगिक क्षेत्रअन्तर्गत जलविद्युत् क्षेत्रमा ३० प्रतिशत र उत्पादन क्षेत्रमा २९ दशमलव चार प्रतिशत वैदेशिक लगानी रहेको देखिन्छ । कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २६ प्रतिशत सेवा क्षेत्रअन्तर्गत बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा छ ।

प्रदेशगत आधारमा नेपालमा रहेका प्रत्यक्ष लगानीमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ५९ दशमलव सात प्रतिशत छ भने त्यसपछि क्रमशः गण्डकी प्रदेशमा १५ दशमलव एक प्रतिशत, कोशी प्रदेशमा १४ दशमलव सात प्रतिशत, मधेश प्रदेशमा आठ दशमल्व आठ प्रतिशत छ । केन्द्रीय बैंकका अनुसार लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिममा प्रदेशमा प्रत्यक्ष वैदेशिक लगानी एक प्रतिशतभन्दा कम छ ।

वैदेशिक लगानीमा सञ्चालित उत्पादनमूलक कम्पनीहरुको क्षमता उपयोग ६० दशमलव ६९ प्रतिशत रहेको पाइएको छ । इक्विटीको प्रतिफल करिब ११ दशमलव ६१ प्रतिशत रहेको पाइएको छ ।

# बैंकिङ कसूर तथा सजाय विधेयकमा परेका संशोधन प्रस्तावमाथि छलफल

काठमाडौँ, १४ भदौ (रासस) ।

प्रतिनिधिसभा अन्तर्गतको अर्थसमितिको शुक्रबारको बैठकमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि परेका संशोधन प्रस्तावमाथि छलफल भएको छ ।

उक्त विधेयकमाथि २० वटा संशोधन प्रस्ताव परेका छन् । सांसदहरु ज्ञानबहादुर शाही, ध्रुवबहादुर प्रधान, डा तोसिमा कार्की, रोशन कार्की, बिमला सुवेदी, दुर्गा राई, भगवती चौधरी, ठाकुरप्रसाद गैरे, दामोदर पौडेल बैरागीलगायतले संशोधन प्रस्ताव राख्नुभएको छ ।

त्यस्तै चन्द्रबहादुर विश्वकर्मा, सुमना श्रेष्ठ, अशोककुमार चौधरी, सुनिलकुमार शर्मा, पदम गिरी, महेशकुमार बतौला, सोबिता गौतम, प्रेम सुवालको पनि संशोधन प्रस्ताव परेको छ । सांसदहरु सुशीला थिङ र रमा कोइराला पौडयाल तथा विद्या भट्टराई, ईश्वरी घर्ती, सरिता भुसाल, सरस्वती सुब्बा र दीपा शर्माले संयुक्त रुपमा संशोधन प्रस्ताव हाल्नुभएको छ ।

अर्थ समितिको शुक्रबारको बैठकमा सांसदहरु दुर्गा राई, श्यामकुमार घिमिरे, सुमना श्रेष्ठ, प्रेम सुवाल, महेशकुमार बतौंलालगायतले आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएको छ । बैंकिङ कसूर र चेक अनादरसम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजन प्रक्रियालाई थप व्यवस्थित बनाउन यो विधेयक चाँडो कार्यान्वयनमा आउनुपर्ने धारणा उहाँहरुले राख्नुभयो ।

सांसद सुमना श्रेष्ठले चेक अनादर मुद्दामा जेल सजायभन्दा पनि आर्थिक जरिवानालाई प्राथमिकता दिनुपर्ने, चेक अनादर मुद्दा जुनसुकै जिल्ला अदालतमा चलाउन सकिने व्यवस्था गर्नुपर्ने, मिटरब्याजको समस्या अझै सुल्झन नसकेकोलगायतका विषय उठाउनुभयो ।

सांसद महेशकुमार बतौंलाले खातावालाले भविष्यको मिति उल्लेख गरी सो मितिपछि मात्रै रकम भुक्तानी लिने गरी चेक जारी गर्नुपर्ने अवस्था भएमा चेकमा नै जारी मिति र भुक्तानी पाउने मिति उल्लेख गरी त्यस्तो चेक धारकलाई दिनुपर्ने व्यवस्था विधेयकमा राख्नुपर्ने बताउनुभयो ।

सांसद दुर्गा राईले बैंकिङ कसूरको चेक अनादर मुद्दामा बिगोको पाँच प्रतिशतको साटो १५ प्रतिशत हुनुपर्ने व्यवस्था राखिनुपर्ने बताउनुभयो । बैंकिङ तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने चेक अनादरजस्ता कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन यो कानुन महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

गतवर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो । तत्कालीन अर्थमन्त्री अर्थमन्त्री डा प्रकाशशरण महतले २०८० असोज १६ गते यो विधेयक संसदमा दर्ता गर्नुभएको थियो ।

चेक अनादरसम्बन्धी मुद्दामा फरक-फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरुप बनाउनुपर्ने व्यहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाटसमेत बैंकिङ कसूर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले यो विधेयक तयार पारेको हो ।

कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभइ चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ । "कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन", विधेयकमा भनिएको छ ।

चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैंक तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ । यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा ३० दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सो को अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ ।

त्यसरी सूचना दिएको जानकारी खुलाई बैंकले चेक फिर्ता गर्नुपर्नेछ । तीस दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्नेछ । "तीस दिनको म्याद समाप्त भएपछि चेक बोक्ने व्यक्तिले रकम भुक्तानी माग्दा पनि खातामा आवश्यक रकम नदेखिएमा बैंकले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको प्रमाणित गरी चेक फिर्ता दिनुपर्नेछ", विधेयकमा उल्लेख छ ।

विधेयकमार्फत् चेक अनादरसम्बन्धी बैंकिङ कसूरको जरिवानामा पनि संशोधन गर्न लागिएको छ । बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ मा चेक अनादर भएमा बिगो भराई बिगो बमोजिम जरिवाना र तीन महिनासम्म कैदको व्यवस्था छ । तर विधेयकले चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम भराइ चेक जारी गरिदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना गर्ने र चेक काटिएको रकमका आधारमा कैद सजाय तोक्नेगरी मस्यौदा तयार पारिएको छ ।

विधेयकमा रू पाँच लाखसम्म बिगो भए एक महिनासम्म कैद, रू पाँचदेखि १० लाखसम्म बिगो भए तीन महिनासम्म कैद, रु १० लाख देखि ५० लाखसम्म बिगो भए छ महिनासम्म कैद र रु ५० लाख भन्दा बढी जतिसुकै बिगो भएमा दुई वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ । त्यस्तै, चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने व्यवस्था ल्याउन लागिएको छ ।

# भ्रष्टाचारसम्बन्धी मुद्दामा हदम्याद हटाउने निर्णय

काठमाडौँ, १४ भदौ (रासस) ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकबाट भ्रष्टाचारसम्बन्धी मुद्दामा हदम्याद हटाउने निर्णय गरेको छ । शुक्रबार सिंहदरबारमा बसेको समितिले बैठकले सर्वसम्मतिमा उक्त निर्णय गरेको हो ।

समिति सभापति रामहरि खतिवडाले भ्रष्टाचारसम्बन्धी अनुसन्धानमा पाँच वर्षको हदम्याद रहनेसम्बन्धी प्रस्तावित व्यवस्था हटाउन प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावलाई समिति सदस्यहरु पूर्णबहादुर खड्का, रवि लामिछाने, गगनकुमार थापा, चित्रबहादुर केसी, विश्वप्रकाश शर्मा, बुद्धिबहादुर तामाङ, रघुजी पन्त, प्रकाश अधिकारी, सरिता प्रसाई, दिलेन्द्रप्रसाद बडु, राजेन्द्र पाण्डे, दुर्गा राई, हितराज माण्डे, कृष्णगोपाल श्रेष्ठ, अशोक राईलगायतले समर्थन जनाउनुभएको थियो ।

गृहमन्त्री रमेश लेखकले मुलुकमा सुशासन कायम राख्न हदम्यादको प्रावधान राख्न नहुने तर्क गर्नुभयो । "अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार भएको जानकारी पाएको मितिले पाँच वर्षभित्र मुद्दा दायर गरिसक्नुपर्ने व्यवस्था विधेयकबाट हटाइएको छ", उहाँले भन्नुभयो, "भ्रष्टाचारसम्बन्धी मुद्दामा जहिले पनि अनुसन्धान हुनसक्छ, मुद्दा जहिले पनि चल्नसक्छ ।"

समिति सदस्य पूर्णबहादुर खड्काले भ्रष्टाचारसम्बन्धी मुद्दामा हदम्याद हटाउने विषय स्वागतयोग्य रहेको बताउनुभयो । समिति सदस्यहरु राजेन्द्र पाण्डे, रवि

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## आप्रवासी र गाजासम्बन्धमा बाइडेनको नीति अगाडि बढाइने : ह्यारिस

सवाना, संयुक्त राज्य अमेरिका, १४ (रासस/एएफपी) ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले आफु राष्ट्रपति निर्वाचित भएमा मेक्सिकोको सीमा अवैध रूपमा पार गर्ने आप्रवासीको नियन्त्रण गर्ने बताउनुभएको छ । अमेरिकी डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार ह्यारिसले राष्ट्रपतिको हैसियतमा आफूले मेक्सिकोको सीमा अवैध रूपमा पार गर्ने आप्रवासीका लागि विद्यमान् अमेरिकी कानुनलाई कडाइका साथ लागू गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"मलाई विश्वास छ सीमा प्रवेशमा परिणाम आउनेगरी कडाइ गर्नुपर्छ । हामीसँग कानुनहरू छन्, यसको पालना गर्नुपर्छ र आप्रवासी तथा शरणार्थी समस्यालाई व्यवस्थित गर्नुपर्छ । राष्ट्रपति निर्वाचित भएमा मैले हाम्रा विद्यमान् कानूनहरूलाई लागू गर्नेछु," ह्यारिसले सीएनएनसँगको अन्तवार्ताका क्रममा उद्घोष गर्नुभयो ।

उहाँले गाजायुद्धका लागि इजरायललाई हतियार उपलब्ध गराउने अमेरिकी राष्ट्रपति जो बाइडेनको नीतिलाई आफूले परिवर्तन नगर्ने बताउनुभयो।यद्यपि, ह्यारिसले युद्धविराम र बन्धक सम्झौता गर्ने र 'यो युद्ध अन्त्य गर्ने' समय आएको दाबी गर्नुभयो ।

## पाकिस्तानमा पहिरोमा परी १२ जनाको मृत्यु

इस्लामाबाद, १४ भदौ (रासस/एएफपी) ।

पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा शुक्रबार बिहान गएको पहिरोमा परी १२ जनाको मृत्यु भएको छ । सरकारी उद्धार संस्था रेस्क्यु ११२२ ले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "विगत केही दिनदेखि भारी वर्षा भइरहेको माथिल्लो दिर जिल्लामा पहिरोमा तीन महिला, छ बालबालिका र तीन पुरुष गरी १२ जनाको मृत्यु भएको छ ।"

पहिरोमा परी मृत्यु भएका उनीहरू एकै परिवारका सदस्य थिए र घरभित्र सुतिरहेका थिए । भनभावशेषबाट सबै शव निकालिएको र पहिरोले ल्याएको माटो र ढुङ्गाको थुप्रोलाई हटाउने काम जारी छ । पाकिस्तानका केही भागमा अहिले मुसलधारे वर्षा भइरहेको छ, जसका कारण धेरै जिल्लामा आकस्मिक बाढी, डुबान र पहिरोको समस्या देखिएको छ ।

## तालिवानको सत्ता बहिर्गमनपछि जर्मनीबाट पहिलो पटक २८ अफगानीको सुपुर्दगी

फ्र्याङ्कफर्ट, जर्मनी, १४ भदौ (रासस/एएफपी) ।

जर्मनीले सन् २०२१ को अगष्टमा तालिवान अधिकारीहरूले सत्ता सम्हालेपछि पहिलो पटक अफगानी नागरिकहरूको एउटा समूहलाई उनीहरूको देश फर्काइएको बताएको छ ।

सरकारका प्रवक्ता स्टेफेन हेबेस्ट्रेइटले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "यी सबै अफगानी नागरिकसँग जर्मनीमा बस्ने कुनै आधार नभेटिएपछि निर्वासन आदेश जारी गरिएको छ ।"

काबुलका लागि उडेको कतार एयरवेजको चार्टर्ड विमान लेइपजिग विमानस्थलबाट २८ जना अफगानी नागरिकलाई लिएर स्थानीय समयानुसार बिहान ५ :०० बजेअघि उडेको डेर स्पीगेल पत्रिकाले सुरक्षा स्रोतलाई उद्धृत गर्दै जनाएको छ ।

दुई महिनाको 'गोप्य वार्ता'मा कतारले बर्लिन र तालिवान अधिकारीबीच मध्यस्थताको भूमिका निर्वाह गरेको स्पीगेलले जनाएको छ । जर्मनीले 'प्रमुख क्षेत्रीय साझेदारहरुलाई निर्वासनको सुविधाका लागि सहयोग गर्न आग्रह गरेको' पत्रिकाले उल्लेख गरेको छ । सन् २०२१ मा तालिवान प्रशासनले सत्ता कब्जा गरेपछि जर्मनीले काबुलमा रहेको आफ्नो दूतावास बन्द गरेको थियो भने अफगानिस्तानमा सुपुर्दगी पूर्णरूपमा रोकेको थियो ।

जर्मन सरकारले अवैध आप्रवासन रोक्न र खतरनाक तथा दोषी ठहरिएका शरणार्थीविरुद्ध कडा कदम चाल्नुपर्ने माग उठिरहेका बेला शुक्रबारको निर्वासन आएको हो ।

गत हप्ता पश्चिमी शहर सोलिङ्गेनको एक सडक उत्सवमा भएको चक्कु आक्रमण र यसमा तीन जनाको मृत्यु भएसँगै जर्मनीको यो निर्णय आएको हो । आक्रमण इस्लामिक स्टेट समूहसँग सम्बन्ध भएका २६ वर्षीय सिरियाली युवकले गरेको जर्मन प्रहरीको प्रारम्भिक अनुसन्धानपछि अधिकारीहरूले बताएका छन् ।

संदिग्धलाई केही हप्ताअघि बुल्गेरियामा निर्वासित गर्ने योजना रहेको तर अधिकारीहरूले उनलाई फेला पार्न नसकेपछि उक्त प्रयासले सार्थकता पाउन सकेको थिएन ।

अफगानी २५ वर्षीय एक युवकमाथि गत मे महिनामा जर्मनीको मानहाइम शहरको एक चोकमा चक्कु प्रहार गरी एक प्रहरी अधिकारीको हत्या गरेको आरोप लागेको थियो । छुरा प्रहारले जर्मनीलाई स्तब्ध तुल्यायो र अफगानिस्तान वा सिरियाजस्ता असुरक्षित ठानिएका देशहरूबाट आए पनि गम्भीर अपराधीहरूलाई देश निकाला गर्ने बहसलाई पुनर्जीवित गऱ्यो ।

जर्मनीका गृहमन्त्री न्यान्सी फैजरले बिहीबार सुरक्षा र शरण नीतिलाई कडा बनाउने उपायअन्तर्गत जर्मनीले सिरिया र अफगानिस्तानबाट गैरकानुनीरूपमा आई जर्मनीमा बसेका नागरिकलाई देश निकाला गर्ने कार्य 'चाँडै' सुरु गर्ने बताउनुभएको थियो । आप्रवासनसम्बन्धी असन्तोषले यस आइतबार पूर्वी जर्मनीमा नजिकबाट हेरिएको दुई क्षेत्रीय चुनावमा प्रभाव पार्ने र अति दक्षिणपन्थी एएफडी पार्टीले यसबाट ठूलो फाइदा उठाउने अपेक्षा गरिएको छ ।

# कुमारी बैंकद्वारा क्यान्सर पीडित ग्राहकलाई वीमा वापतको रकम हस्तान्तरण




**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

कुमारी बैंक लिमिटेड राजविराज शाखाले परिवार सुरक्षा बचत खाता योजना अन्तरगत शुक्रबार एक दिर्घकालिन रोगीका बिरामीलाई वीमा वापतको रकम भुक्तान गरेको छ ।

झण्डै अढाई वर्षअघि सो बैंकमा खाता खोलेर ग्राहक बनेका राजविराज १ निवासी प्रमोद कुमार साहलाई रु. एक लाखको चेक बैंकका तर्फबाट ऋण अधिकृत कुमार प्रविणले हस्तान्तरण गरेका हुन् । ग्राहक साह दिर्घकालिन रोग क्यान्सरबाट पीडित छन् ।

ऋण अधिकृत प्रविणले साह क्यान्सर रोगबाट पीडित रहेको अस्पतालको सम्पूर्ण कागजपत्र तथा अन्य प्रमाण पेश गरेको तीन महिनाभित्र उक्त वीमा वापतको रकम भुक्तान गरेको दाबी समेत गरे । कुमारी बैंक राजविराज शाखाले हालसम्म ५० जना आफ्ना ग्राहकहरुलाई वीमा वापतको रकम भुक्तानी गरिसकेको जनाएको छ ।

यता कुमारी बैंकले हालसम्म नेपालभरि ८ करोड रुपैयाँ बराबरको बीमा वापतको रकम भुक्तानी गरिसकेको जनाएको छ ।

हालसम्म बैंकले चार हजार ५ सय ग्राहकहरुलाई उक्त वीमा रकम वापत भुक्तानी गरिसकेको जनाउँदै वीमा वापतको भुक्तानी सबै भन्दा बढी बागमती प्रदेशमा ३६ प्रतिशत, मधेश प्रदेश र गण्डकी प्रदेशमा क्रमश : ११ र १० प्रतिशत तथा बाँकी रकम अन्य प्रदेशमा भुक्तान गरिसकेको सो बैंकले जनाएको छ ।

कुमारी बैंकले विगत चार वर्षदेखि परिवार सुरक्षा बचत खातामा सामान्य जाँच, अस्पताल भर्ना भई उपचार गरेका तथा गम्भीर रोगहरुको उपचार एवं दुर्घटना मृत्यु बीमा वापत बीमा कम्पनीहरुमार्फत सो रकम आफ्ना ग्राहकहरुलाई प्रदान गर्दै आएको जनाएको छ ।

कुमारी परिवार सुरक्षा बचत खातामा खातावालासहित परिवारका चार जाना सदस्यले २६ लाख रुपैयाँसम्मको बीमा सुविधा प्राप्त गर्ने भएकाले यो बचत खाता ग्राहकहरुमाझ लोकप्रिय बन्दै गएको बैंकको दाबी छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३ सय ९ शाखा, ३ सय १५ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ६४ शाखारहित बैंकिङ ईकाईहरुमार्फत आफ्ना ग्राहकवर्गलाई सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

# स्थानिय र राष्ट्रिय अनुकुलन योजना सम्बन्धी अभिमुखीकरण



**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौ ।**

स्थानिय र राष्ट्रिय अनुकुलन योजना सम्बन्धी अभिमुखीकरण र कार्यशाला गोष्ठी संचालन भएको छ ।

ए.ई.आई.एन लक्जेम्वर्गको आर्थिक साझेदारी तथा ग्रामीण मुखी युवा अभियान नेपालद्वारा संचालित सक्षम सप्तरी परियोजना अन्तर्गत राजविराजमा सो अभिमुखीकरण र कार्यशाला गोष्ठी संचालन भएको हो ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा संचालन गरेको अभिमुखीकरण र कार्यशाला गोष्ठीमा स्थानीय तहका विपद् व्यवस्थापन समितिका सदस्यहरुलाई दुई दिने तालिम गरी उनीहरुको स्थानिय अनुकुल कार्ययोजना तयारी सम्बन्धि क्षमता अभिबृद्धि गर्ने, नेपाल सरकारको राष्ट्रिय अनुकुल ओजना तथा स्थानिय अनुकुलन कार्ययोजनाको ढाँचाको बारेमा जानकारी दिने, गाउँपालिकाको स्थानिय अनुकुलन कार्ययोजना तर्जुमा गर्नको लागि चाहिने स्थानिय र सन्दर्भ-विशिष्ट जानकारीहरु संकलनका लागि आवश्यकता विधि, सामाग्री तथा प्रकृयाको बारेमा जानकारी दिने र तालिमका सहभागीहरुलाई स्थानिय अनुकुलन कार्ययोजना तयारीको लागि मार्गदर्शन र सहयोग गर्ने जस्ता उदेश्यसहित तालिम दिइरहेको छ ।

तलाठी कोइलाडी गाउँपालिकामा ३० बर्ष पहिला भएको बाढी, पहिरो, हावाहुरी, बर्षा, तापक्रम फेरबदल र अहिलेको अवस्था बिश्लेषण र तथ्याङ्क संकलन गरेर सो तथ्याङ्कको आधारमा निर्माण गरि पालिकाको सवै वडाले तयार गरि अधियन गर्ने रोयम नेपालका जिल्ला संयोजक ओमप्रकाश चौधरीले जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिकाका वडा नं. १ देखि ८ वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, बिभिन्न बिषयगत प्रमुख तथा कर्मचारी र ८ वटै वडाबाट एक/एक जना समाजसेवी स्थानिय जानकार ब्यक्तिहरुसहित ३१ जनाको सहभागिता रहेको छ ।

उक्त अभिमुखीकरण र कार्यशाला गोष्ठीको सहजिकरण भने डा. सुनित अधिकारी र मेरिना सापकोटोले गरिरहेका छन् ।

# विस्फोटमा घाइते दाजुबहिनीको मृत्यु

पाँचथर, १४ भदौ (रासस) ।

फालेलुङ गाउँपालिका-५ डाँडागाउँमा बिहीबार विस्फोटक वस्तु विस्फोट हुँदा घाइते भएका दुई बालबालिकाको मृत्यु भएको छ ।

विस्फोटमा घाइते भएका फालेलुङ-५ डाँडागाउँका दिलीप साँवाका ११ वर्षीय छोरा दीपसन साँवा र दुई वर्षीया छोरी प्रिन्साको उपचारका लागि झापा लैजाने क्रममा बिहीबार राति मृत्यु भएको हो । शरीरका विभिन्न भागमा चोट लागेका उनीहरूको जिल्ला अस्पताल फिदिममा उपचार सम्भव नभएपछि चिकित्सकले झापाको विर्तामोड 'रेफर' गरेका थिए । बहिनीको बिहीबार बेलुकी इलाम पुर्याउँदै गर्दा तथा दाजु दीपसनको शुक्रबार बिहान विर्तामोडको बिएण्डसी अस्पतालमा मृत्यु भएको पाँचथर जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

विस्फोटमा घाइते स्थानीय ज्ञानबहादुर राईका छोरा ११ वर्षीय पवन राईको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । अर्का घाइते स्थानीय दीपक राईका सात वर्षीय छोरा पवन स्थानीय स्वास्थ्यचौकीमा उपचारपछि घर फर्केका छन् ।

घटनास्थलमा अर्को पनि शङ्कास्पद वस्तु फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रमुख हेमन्त भण्डारी क्षेत्रीले जानकारी दिनुभयो । घटनाबारे अनुसन्धान गर्न तथा विस्फोटक वस्तु निस्तेज पार्न रणशेर गण फिदिमबाट नेपाली सेनाको टोली घटनास्थल पुगेर अनुसन्धान थालेको छ ।

शङ्कास्पद वस्तु फालेलुङ-५ डाँडागाउँका आइतराज केरुङको घरमा विस्फोट भएको जनाइएको छ । यद्यपि अहिले उक्त घरमा ज्ञानबहादुर राईको परिवार बस्दै आएको प्रहरीले जनाएको छ । बिहीबार दिउँसो ती बालबालिका खेल्ने क्रममा विस्फोट भएको थियो । प्रहरी निरीक्षकको नेतृत्वमा प्रहरी टोलीले घटनास्थलमा अनुसन्धान जारी राखेको प्रमुख क्षेत्रीले जानकारी दिनुभयो ।

### *भिनाजुको घर ...*

दम्पत्तिलाई साथ र सहयोग दिइरहेका रुपनी गाउँपालिकाका समाजसेवी रंजित भगतले दिनेशका सबै साथी, घरछिमेक तथा चिनजानका सबैमा जानकारी गराई खोज तलास गर्दा पनी कतै फेला पर्न नसकेको बताए ।

इलाका प्रहरी कार्यालय लहानले दिनेशको पत्ता लगाउन उनको हुलियासहितको सम्पूर्ण विवरण देशै भरका प्रहरी कार्यालयमा पठाई खोजि कार्य जारि राखेको जनाएको छ ।

### *सशस्त्र प्रहरी ...*

महनिरिक्षक अर्यालले बताए ।

उद्घाट्न कार्यक्रममा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान काठमाडौंका सशस्त्र प्रहरी नायब महानिरिक्षक कमल गिरीले स्वागत मन्तब्य, सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीले मन्तब्य र शिक्षालयका समादेशक सशस्त्र प्रहरी बरिस्ठ उपरिक्षक दिग बिजय सुबेदीसमेतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाललाई प्राप्त बिभिन्न कार्यदेशहरुको सम्पादन प्रभाबकारी एबं उत्कृष्ट ढंगबाट गरी संगठनको गरिमा राख्ने कार्य गरेको हुँदा उक्त कार्यको उच्च कदर स्वरुप शिक्षालयका प्रमुख समादेशक एसएसपी दिग बिजय सुबेदीलाई महानिरिक्षक राजु अर्यालले सशस्त्र प्रहरी महानिरिक्षक प्रशंसाद्वारा बिभुषित गरेका थिए ।

### *भ्रष्टाचारसम्बन्धी ...*

लामिछाने, हितराज पाण्डेलगायतले पनि भ्रष्टाचार उन्मुलन गर्न हदम्याद कायम हुन नहुने भन्दै उक्त निर्णयको प्रशंसा गर्नुभयो ।

भ्रष्टाचार निवारण ऐन संशोधन विधेयक २०७६ साल माघ ७ गते राष्ट्रियसभामा दर्ता भएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रियसभामा दर्ता गर्नुभएको उक्त विधेयक २०७७ साल असार ८ गते सभाबाट पारित भएको थियो ।


## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणियस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढ टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुर्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*